नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)
## कार्यक्रम समन्वय इकाई
सिंहदरवार, काठमाण्डौ

प. सं.: २०७४/७५
च. नं.: ३६३

मितिः- २०७५।०१।२१

**श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७४।७५ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम स्थानीय तहका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धीका लागि ७७ जिससहरुमा पठाइएको बजेट रकम खर्च गर्ने शर्त सम्बन्धि यस कार्यालयको च नं २५८ मिति २०७५।११।११ को पत्रमा एकिकृत सम्पत्ति कर सम्बन्धि तालिम समेत समावेश गरी संशोधन गरिएको छ । LMBIS मा entry भएको रकम खर्च गर्ने सम्बन्धमा देहाय बमोजिमका शर्तहरु भित्र रहि खर्च गर्नुहुन अनुरोध छ ।

| सि नं | तालिमको विषय | तालिम अवधि | तालिमका सहभागीहरु | शर्तहरु |
|---|---|---|---|---|
| १ | न्यायिक समिति | ३ दिने | न्यायिक समितिका सदस्य ३ जना र न्यायिक समिति हेर्ने १ कर्मचारी सहित जम्मा ४ जना | संलग्न विवरण बमोजिम |
| २ | योजना र बजेटिंग | २ दिने | प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, प्रमुख प्रसाशाकीय अधिकृत, लेखा प्रमुख र योजना तथा विषयगत शाखा हेर्ने कर्मचारी १/१ जना | |
| ३ | स्थानीय सरकार संचालन (वडा र विषयगत समिति सम्वन्धित) र cross cutting issues | ३ दिने | वडा अध्यक्ष, वडा सदस्यहरु, कार्यपालिकाका अन्य सदस्यहरु र वडा सचिव | |
| ४ | खरिद व्यवस्थापन तथा सार्वजनिक वित्त व्यवस्थापन | ३ दिने | कार्यपालिका सदस्यहरु मध्येबाट १ जना, प्रमुख प्रशासकिय अधिकृत, लेखा प्रमुख, प्राविधिक कर्मचारी १, खरिद इकाई कर्मचारी १ सहित जम्मा ५ जना | |
| ५ | एकिकृत सम्पत्ति कर (IPT) | ३ दिने | प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, स्थानीय राजश्व परामर्श समितिका अन्य पदाधिकारीहरु, प्रमुख प्रसाशाकीय अधिकृत, लेखा प्रमुख, १ जना राजश्व हेर्ने कर्मचारी र १ जना प्राबिधिक | |

रेशमलाल कंडेल
उप-सचिव/राष्ट्रिय कार्यक्रम प्रबन्धक

*बोधार्थः*

१. श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
२. श्री गाउंपालिकाको कार्यालय (सबै)
३. आर्थिक प्रशासन शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
४. एल. जि. सि. डि. पि. प्रादेशिक सहयोग इकाईहरु (सबै) - (सहयोग, समन्वय र सहजिकरण र प्रतिवेदनका लागि)

## उल्लेखित तालिम सञ्चालन गर्ने सम्बन्धी शर्तहरु

(१) ५० जना सहभागि बराबर १ तालिम समुहको हिसाबले बजेट व्यवस्था गरिएको छ ।

(२) सहभागीहरुको खाना, नास्ता एवं आवश्यकता अनुसार आवास समेतका लागि प्रति व्यक्ति प्रति दिन रु १,८०० (जिल्ला स्तर) र रु १,२०० (स्थानीय स्तर) विनियोजन गरिएको छ । स्थानीय तहको आवश्यकता र अनुकुलताका आधारमा खर्च व्यवस्थापन गर्न पर्ने अवस्थामा जिससहरुले स्वीकृत नर्म्स अन्तरगत रहि खर्च गर्नुपर्नेछ ।

(३) वाह्य श्रोत व्यक्तिका लागि कार्यपत्र र सेसन वापत प्रति सेसन रु. ३,४०० (जिल्ला स्तर तथा नगर स्तर) रु. २,१०० (गाउँ स्तर) बजेट विनियोजन गरिएको छ ।

(४) जिल्ला स्तरमा संचालन हुने तालिमहरुको हकमा सहभागीहरुको आतेजाते खर्च औषतमा हिमाली जिल्लामा रु १२००, पहाडमा रु ८०० र तराईमा ५०० विनियोजन गरिएको छ । नियमानुसार आतेजाते पाउनेहरुको हकमा मात्र प्रचलित दर रेट तथा वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्नेछ । श्रोत व्यक्तिहरुको हकमा यातायात र दै भ्र भ का लागि एकमुष्ट बजेट व्यवस्था गरिएको छ । सम्बन्धित जिससहरुले विनियोजित वजेट तथा नर्म्स अन्तर्गत रहि प्रचलित दर रेट तथा वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्नेछ।

(५) बजेट विनियोजन गर्दा जिल्लाको भौगोलिक अवस्था, स्थानीय तहको संख्या तथा सहभागीहरुको संख्या लाई आधार मानिएको छ । उक्त वजेटमा जिससहरुले स्थानीय आवश्यकता हेरी प्राप्त बजेट रकमको सिमा तथा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको स्विकृत नर्म्स अन्तर्गत रहि खर्चको व्यवस्थापन गर्नुपर्नेछ ।

(६) स्थानीय सरकार संचालन, योजना तथा वजेटिंग सम्बन्धी र एकिकृत सम्पत्ति कर सम्बन्धि तालिम गाउँपालिका र नगरपालिका तहमा नै संचालन गर्नुपर्नेछ । न्यायीक सम्बन्धी र खरिद व्यवस्थापन तथा सार्वजनिक वित्त व्यवस्थापन तालिमहरुको हकमा जिल्लाको भौगोलिक अवस्था, स्थानीय तहहरुको संख्या तथा स्थानीय सहजता र अनुकुलताका आधारमा जिल्ला स्तर वा स्थानीय स्तरमा संचालन गर्न सकिनेछ ।

(७) तालिमहरु संचालन गर्दा स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको समय अनुकुल हुने र स्थानीय तहको कामकाज कम भन्दा कम प्रभावित हुने गरी समन्वयात्मक ढँगबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(८) उल्लेखित तालिमहरु मध्ये कुनै तालिम अन्य निकायवाट संचालन भैसकेको वा हुने अवस्था रहेमा दोहोरो हुने गरी एउटै तालिम संचालन गरिने छैन ।

(९) उल्लेखित तालिमहरु स्थानीय स्तरमा संचालन गर्दा वजेट अपुग हुने अवस्था श्रृजना भएमा नपुग हुने रकम सम्बन्धित स्थानीय तहसंग लागत साझेदारी गरी सञ्चालन गर्न सकिनेछ ।

(१०) उल्लेखित तालिमहरुको दैनिक कार्यतालिका, प्रशिक्षण सामाग्री, श्रोत व्यक्तिहरुको सुची तथा अन्य जानकारी मन्त्रालयको वेवसाइट http://www.mofald.gov.np मा उपलव्ध छ । दैनिक कार्यतालिका तथा प्रशिक्षण सामाग्रीको हकमा मन्त्रालयवाट स्विकृत गरी वेवसाइटमा राखिए बमोजिम नै प्रयोग गर्नुपर्नेछ । श्रोत व्यक्तिहरुको हकमा मन्त्रालयले उपलव्ध गराएको M/TOT मा सहभागी भएका प्रशिक्षकहरुलाई प्राथमिकता दिई स्थानीय स्तरमा उपलव्ध हुने अन्य विषय विज्ञहरुलाई समेत परिचालन गर्न सकिनेछ ।

(११) तालिम समापन भएपछि सो को प्रतिवेदन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस कार्यक्रमको सम्बन्धित प्रदेश समन्वय इकाईमा पठाउनु पर्नेछ। प्रतिवेदनको ढाँचा मन्त्रालयको वेवसाइटमा राखिने छ ।

(१२) तालिम कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, यस कार्यक्रम तथा जिससबाट गर्न सकिनेछ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौ

.............
रेशमलाल कंडेल
उप-सचिव/राष्ट्रिय कार्यक्रम प्रबन्धक